नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्याः-

च. नं.:-

## प्रेस विज्ञप्ति

आज मिति २०८१ माघ ११, तदनुसार २४ जनवरी २०२५ गते माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीज्यूसँग नेपालका लागि पाकिस्तानका महामहिम राजदूत His Excellency Abrar H. Hashmi ले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेटघाट गर्नुभयो। भेटघाटका क्रममा माननीय मन्त्रीज्यूले नेपाल र पाकिस्तानबीच सन् १९६० मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि सौहार्द्रपूर्ण सम्बन्ध रहँदै आएको चर्चा गर्नुभयो।

यसै क्रममा माननीय मन्त्रीज्यूले द्विपक्षीय व्यापार प्रवर्द्धनका लागि भन्सार सहजीकरण, लजिस्टिक व्यवस्थापन र पारवहन सुविधाको विविधीकरणमा संयुक्त सहकार्य गर्न आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो। साथै सीटीसी चियाको पाकिस्तानमा पुनः निर्यात सुरु भएकोमा खुशी व्यक्त गर्दै व्यापार प्रक्रियालाई थप सहज वनाउन गुणस्तर मापदण्डहरूको पारस्परिक मान्यताको आवश्यकता रहेको उल्लेख गर्नुभयो। साथै उहाँले नेपाली निर्यात कर्ताहरूले पाकिस्तानमा वस्तुहरू निर्यात गर्ने क्रममा देखिएका समस्याहरू समाधान गर्न र निर्यात प्रक्रियालाई सहज वनाउने कार्यमा आवश्यक पहल गर्न महामहिमज्यूलाई विशेष आग्रह गर्नुभयो।

भेटघाटका क्रममा माननीय मन्त्रीज्यूले नेपालको विभिन्न क्षेत्रमा पाकिस्तानी लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आग्रह गर्दै नेपालले लगानीमैत्री वातावरण निर्माणमा गरेका प्रयासबारे जानकारी गराउनुभयो।

महामहिम राजदूतज्यूले नेपाल र पाकिस्तानबीचको सम्बन्धलाई थप सुदृढ बनाउन कूटनीतिक, आर्थिक, सामाजिक सुधार र सांस्कृतिक सहकार्यलाई प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले व्यापार, लगानी, पर्यटन, कनेक्टिभिटी र शिक्षा लगायतका क्षेत्रमा सहकार्य बढाउन उपयुक्त हुने विचार व्यक्त गर्नुभयो। साथै, नेपाल र पाकिस्तानवीच ऐतिहासिक सम्बन्ध रहेको चर्चा गर्दै नेपालबाट चिया, अलैंची र कफी लगायतका वस्तुको आयातको संम्भावना रहेको बताउदै **Mt. Everest To Mt. K2 Circuit** मार्फत पर्यटन प्रबर्द्धन गर्न सकिने विषय उल्लेख गर्नुभयो।

प्रवक्ता/सहसचिव


फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np